# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: ०७९/०८०
च.नं.: १२६

मिति: २०७९/०४/१९

विषयः विवरण पेश गर्ने तथा कार्यान्वयन सम्बन्धमा ।

श्री सहकारी संस्थाहरु सबै
(दक्षिणकाली नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र पर्ने)
दक्षिणकाली नगरपालिका,
फर्पिङ, काठमाडौं ।

प्रस्तुत विषयमा यस नगरपालिकाको नियमन क्षत्राधिकार भित्र पर्ने केहि सहकारी संस्थाहरु नियमित रुपमा क्रियाशिल रहेता पनि यस नगर कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्ने विवरणहरु जस्तै कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन, साधारण सभाको बैठक सम्बन्धी जानकारी ,शेयर सदस्य र शेयर संख्या लगायतका विवरणहरु बुझाउने गरेको नपाईएकोले सहकारी सञ्चालनको लागि सहकारी ऐन ,नियमावली ,निर्देशन, परिपत्र , विनियम बमोजिम नियमक निकायमा बुझाउनु पर्ने विवरणहरु आगामि २०७९ साल भाद्र ०२ गते भित्र बुझाउनुहुन सम्बन्धित सबै सहकारी संस्थाहरुलाई जानकारीका लागि अनुरोध गरिन्छ।साथै सबै सहकारी संस्थाहरुले पालन गर्नुपर्ने देहाय बमोजिम लगायतका नियम कार्यान्वयन नगरेको भएमा यथाशिघ्र कार्यान्वयनको लागि समेत अनुरोध छ।उल्लेखित विवरणहरु पेश नगर्ने तथा तोकिएको नियम कार्यान्वयन नगर्ने सहकारी संस्थाहरुलाई सहकारी ऐनमा व्यबस्था भए बमोजिम कानूनी प्रक्रिया अघि बढाईने व्यहोरा अनुरोध छ।

देहाय

क ) कर्जा लगानीमा लिने ब्याजदर बढिमा १६ प्रतिशत हुनुपर्ने।

ख) बचतको र ऋणको ब्याजदर बिचको अन्तर ६ प्रतिशत भन्दा बढी हुन नहुने ।

ग ) ऋण लगानि गर्दा लिने सेवा शुल्क १ प्रतिशत भन्दा बढी हुन नहुने तर लघुवितको हकमा भने १.५ प्रतिशतसम्म लिन पाईने ।

घ) ऋणमा लाग्ने ब्याजलाई मुल कर्जामा पुँजीकृत गरि सोको आधारमा ब्याज लगाउन नपाईने।

ङ) बार्षिक २ करोड भन्दा बढी कारोबार गर्ने सहकारी संस्थाको सञ्चालक सोही सस्थाको कर्मचारीको रुपमा काम गर्न नपाईने।

च) व्यवस्थापकस्तरको कार्यान्वयन अधिकारी अनिवार्य नियुक्त गर्ने ।

छ) सिमा कारोबार शंकास्पद कारोबारको जानकारी वितिय जानकारी ईकाईमा पठाउने।

ज) सदस्य तथा सदस्य हुन ईच्छुक व्यक्तिको पहीचान तथा सम्पुष्टी (KYM) अनिवार्य भर्नुपर्ने ।

झ) प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (Accounting Standard) र सहकारी ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यस्था बमोजिम राखिएको कारोबारको लेखाको लेखा परिक्षण प्रत्येक आर्थिक

Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: ०८१/०८०

मितिः.................................

च.नं.: १२६

वर्ष समाप्त भएको मितिले ३ महिना भित्र ( असोज मसान्त भित्र ) प्रचलित कानून बमोजिम ईजाजत प्राप्त लेखा परिक्षक द्वारा अनिवार्य परिक्षण गराईसक्नु पर्ने।

ञ) सहकारी संस्थाको सर्वोच्च अङ्गको रुपमा रहेको साधारण सभाको बैठक प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले ६ महिना भित्र ( पुस मसान्त भित्र ) बोलाएर अनिवार्य सभा सम्पन्न गरिसक्नु पर्ने।

.....................................

भोला प्रसाद चापागाईं

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

श्री सूचना प्रविधि शाखाः सबै सहकारी संस्थाहरुमा ईमेल गरी दिनुहुन र वेभसाइटमा राखी दिनु हुन ।